# महिलाका सुविधा सम्बन्धी सूचना



राष्ट्रिय सूचना आयोग
काठमाडौं, नेपाल
२०७३ असार



राष्ट्रिय सूचना आयोग
देवीनगर, अनामनगर, काठमाडौं, नेपाल
फोन नं : ९७७-४४९६५४४, ४४६४४१२
इमेल : info@nic.gov.np

| | |
|---|---|
| प्रकाशक | : राष्ट्रिय सूचना आयोग |
| फोटो सौजन्य | : यु एन वुमन, नेपाल |
| पहिलो संस्करण | : १०,००० प्रति |
| छपाइका लागि सहयोगी | : यु एन वुमन, नेपाल |
| प्रकाशन मिति | : २०७३ आषाढ |

राष्ट्रिय सूचना आयोग
काठमाडौं, नेपाल

# राष्ट्रिय सूचना आयोग



**कृष्णहरि बाँस्कोटा**
प्रमुख सूचना आयुक्त



**किरणकुमार पोखरेल**
सूचना आयुक्त



**यशोदादेवी तिम्सिना**
सूचना आयुक्त



**शरदराज विष्ट**
सचिव

# सूचनाको नमुना प्रकाशित गरेको

नेपालको संविधानले महिला र पुरुषलाई समान अधिकारको प्रत्याभूति गरेको छ। जनआन्दोलन १ र २ को सफलतासँगै मुलुकमा भएको राजनैतिक परिवर्तनसँगै महिला र पुरुषबीच रहेको बिभेदकारी कानुनहरू संशोधन भएका छन्। महिला र पुरुषबीच समान ज्यालादर तोकिएको मात्रै होइन पैतृक सम्पत्तिमा छोरी र छोराबीच समान कानुनी हैसियत स्थापित भएका छन्। विशेष गरी आर्थिक क्षेत्रमा आ.व. २०६४/०६५ मा लैङ्गिक उत्तरदायी बजेटको प्रारम्भसँगै महिला सशक्तिकरण र महिला विकासमा सकारात्मक विभेदको नीतिसमेत अख्तियार गर्न मुलुक सफल भएको छ। जसको कारण दक्षिण एसियामा यस क्षेत्रमा नेपालको स्थिति सुदृढ रहेको छ। साथै सानो आकारको अर्थतन्त्र भएको र अल्प विकसित मुलुक नेपालले अवलम्बन गरेका महिलाको सबलीकरणसम्बन्धी नीति विश्वकै लागि अनुकरणीय छ।

प्रस्तुत पुस्तिकामा नेपालको संविधान र कानुनमा विद्यमान महिलाका लागि लक्षित आर्थिक सहुलियत तथा सुविधाका केही महत्वपूर्ण पक्षहरूलाई चित्रित गरिएको छ। साथै महिला लक्षित नीति र कार्यक्रम तथा कार्यविधिले प्रदान गरेको सुविधाहरू समावेस गरिएको छ। यसै गरी नेपालको कृषि, स्वास्थ्य, शिक्षा, उद्योगलगायतमा प्रायः सबै क्षेत्र र पक्षमा आम जनताले राज्यद्वारा छुट, सुविधा र सहुलियत पाएका छन्। नेपालको संविधानको धारा २७

र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को मूल मर्म भनेकै राज्य प्रणालीबाट भएका प्रत्येक गतिविधि, निर्णय प्रक्रिया र निर्णयबारे आम नागरिकलाई जानकारी होस् भन्ने नै हो । यसै कारण जनतालक्षित सुविधा, छुट, नीति र कार्यक्रमहरूबारे सम्पूर्ण सूचना जान्न पाउने उनीहरूको मौलिक हक हो । तर राज्यबाट महिला, मधेसी, आदिवासी, जनजाति, दलित, तथा उत्पीडनमा परेका बिभिन्न वर्ग र समुदायलाई उपलब्ध गराइएका विभिन्न छुट तथा सुविधाबारेको सूचना लक्षित वर्गसम्म नपुग्दा उक्त छुट, सुविधाको लाभ लिनबाट उनीहरू बञ्चित हुनुपरिरहेको वास्तविकतालाई महसुस गर्दै प्रस्तुत पुस्तिका सूचना प्रवाहको नमुनाका रूपमा प्रकाशित गरिएको छ । यस पुस्तिकाका आधारमा राज्य प्रणालीका हरेक निकायले आफूसँग रहेका यस प्रकारका सूचनालाई अद्यावधिक र एकीकरण गरी लक्षित वर्ग र समुदायसम्म पुऱ्याउने छन् भन्ने राष्ट्रिय सूचना आयोगको विश्वास छ ।

अन्त्यमा, प्रस्तुत पुस्तिका तयार गर्न आयुक्तद्वय किरण कुमार पोखरेल र यशोदादेवी तिम्सिना, आयोगका सचिव शरदराज विष्ट र राष्ट्रसेवक कर्मचारीहरू, उपेन्द्र अधिकारी लगायतको विज्ञ समूह र महिला सशक्तिकरणका क्षेत्रका विशिष्ट व्यक्तिहरूले पुऱ्याउनुभएको सहयोग र सद्भावका लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । विशेष गरी, यस पुस्तिका तयार पारी प्रकाशित गर्न सहयोग गर्ने UN Women का प्रतिनिधि Mr. Ziad Sheikh तथा 'The Government of Finland' प्रति हार्दिक आभार गर्दछु । अनि प्रस्तुत कार्यको संयोजनकारी भूमिका निर्वाह गर्नुहुने सूचना



आयुक्त यशोदादेवी तिम्सिना र UN Women की सरू जोशी श्रेष्ठको क्रियाशीलताका लागि अतिरिक्त धन्यवाद ज्ञापन गर्न चाहन्छु। प्रस्तुत पुस्तिकालाई नमुना सूचना प्रवाहको रूपमा बुझी राज्य प्रणालीका सबै क्षेत्रले आफ्नो निकायसँग सम्बन्धित यस प्रकारका सूचना प्रवाह गर्ने जाँगर देखाउन र यस पुस्तिकाको वितरणबाट नेपालका महिलाले आफू लक्षित आर्थिक क्षेत्रका सहुलियत र सुविधाहरूको जानकारी हासिल गरी सबैले समान रूपमा लाभ लिन सकून् भनी आयोगको तर्फबाट हार्दिक शुभेच्छा प्रकट गर्दछौं ।

**कृष्णहरि बाँस्कोटा**
प्रमुख सूचना आयुक्त

# सूचना मेरो अधिकार

- सूचनाको हक नागरिकको मौलिक अधिकार हो ।
- सूचनाको हक भनेको सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचना माग्ने र पाउने अधिकार हो ।
- सूचना लिने र दिने संस्कृतिको विकास गरौं ।
- कुनै पनि सार्वजनिक सरोकार, थाहा पाउने जनताको अधिकार ।
- सूचना हाम्रो अधिकार, सुशासन र विकासको आधार ।
- लोकतन्त्रको आधार, सूचनाको अधिकार ।
- प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायको सूचना माग्ने र पाउने अधिकार छ ।


**राष्ट्रिय सूचना आयोग**
देवीनगर, अनामनगर, काठमाडौं, नेपाल
फोन नं : ९७७-४४९६५४४, ४४६४४१२
इमेल : info@nic.gov.np


# महिलाका सुविधा सम्बन्धी सूचना

(राज्यका विभिन्न निकायहरुबाट महिलाका लागि लक्षित गरी प्रदान गरिएका आर्थिक सहुलियत तथा सुविधाहरूको संक्षिप्त विवरण*)

१. **पारिश्रमिक आयमा छुट** :– महिलाको पारिश्रमिक आयमा १० प्रतिशत छुट हुने व्यवस्था छ ।[1]

२. **आयकरमा छुट** :– महिला, दलित वा अपाङ्गता भएका व्यक्तिहरूमध्ये कम्तीमा ३३ प्रतिशतसमेतलाई समावेश गरी १०० भन्दा बढी नेपाली नागरिकहरूलाई बर्षभरि प्रत्यक्ष रोजगार दिने उद्योगलाई सो वर्षको आयमा लाग्ने करमा २० प्रतिशत छुट हुने व्यवस्था छ ।[2]

३. **उद्योग दर्तामा छुट** :– महिलाको नाममा उद्योग दर्ता गर्दा लाग्ने दर्ता दस्तुरमा ३५ प्रतिशत र औद्योगिक सम्पत्ति पेटेण्ड, डिजाइन र ट्रेडमार्क दर्ता गराउँदा लाग्ने दस्तुरमा २० प्रतिशत छुट दिइने व्यवस्था छ ।[3]



* यो विवरणमा सकेसम्म सङ्क्षेपमा महिलाका लागि लक्षित सेवा-सुविधाहरूलाई समेट्ने प्रयास गरिएको छ । सबैका लागि समान रूपमा प्राप्त हुने सुविधा एवम् सहुलियतहरू तथा सामाजिक समावेशीकरणका हेतुले लक्षित सबै प्रकारका सेवा-सुविधाहरू यो विवरणमा समावेश छैनन् ।

1. आयकर ऐन, २०५८ (संशोधनसहित)
2. ऐ ऐ
3. औद्योगिक नीति, २०६७



४. **उद्यमशीलता विकास :-** महिलालाई उद्यमी बन्न प्रोत्साहन गर्न, महिलाको नाममा उद्योगको स्थापना, सञ्चालन, प्रवर्द्धन एवम् प्रविधि विकासमा सहयोग पुऱ्याउन विना धितो कर्जा प्रवाह गर्न महिला उद्यमशीलता विकास कोष स्थापना भएको छ । सो कोषबाट एक आर्थिक वर्षमा रु.५ लाखसम्म ६ प्रतिशतको ब्याज दरमा कर्जा प्रवाह हुने व्यवस्था छ ।[४]

५. **घर-जग्गा रजिष्ट्रेशन दस्तुरमा छुट :-** जुनसुकै प्रकारबाट महिलाको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखितको रजिष्ट्रेशन दस्तुरमा २५ प्रतिशत छुट हुने व्यवस्था छ । साथै हिमाली क्षेत्रमा तोकिएका स्थानको घर-जग्गा रजिष्ट्रेशन दस्तुरमा ५० प्रतिशत छुट हुनेछ । तर एकल महिलाको हकमा भने ३५ प्रतिशत छुटको व्यवस्था छ । साविकको घर-जग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त नाममा लिखित गर्न चाहेमा सो लिखितमा जम्मा एकसय रुपैयाँ मात्र रजिष्ट्रेशन दस्तुर लाग्ने छ ।[५]

४. महिला उद्यमशीलता विकास कोष (सञ्चालन कार्यविधि), २०६९
५. आर्थिक ऐन, २०७३





६. **पति-पत्नी दुवैको नाममा जग्गा दर्ता :-** जग्गा दर्ता गर्ने निर्णय गर्दा बिबाहित व्यक्तिको हकमा पति-पत्नी दुवैको संयुक्त नाममा दर्ता गर्ने व्यवस्था छ ।[६]

७. **लैङ्गिक हिंसाका पीडितहरूलाई सहायता :-** लैङ्गिक हिंसाबाट पीडितलाई देहायबमोजिमको राहत तथा आर्थिक सहायताको व्यवस्था छ ।[७]

(क) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा यातायात र खाना खर्चबापत प्रतिदिन रु.२५०- ले बढीमा रु.३,०००/–

(ख) औषधी उपचार खर्चबापत बढीमा रु.२,००० ।

(ग) कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोपरामर्शका लागि रु.५,०००/– मा नबढ्ने गरी लागेको यथार्थ खर्च ।

(घ) व्यवसाय सञ्चालन गर्न बीउ पूंजीको रूपमा बस्तु तथा नगद गरी बढीमा रु.२०,००० ।

(ङ) पुनर्स्थापनाका लागि बढीमा रु.५,००० ।

(च) सञ्चालक समितिले तोकेको कामका लागि बढीमा रु.१०,००० ।

६. जग्गा दर्तासम्बन्धी गठन आदेशहरू, भूमि सुधार तथा व्यवस्था मन्त्रालय
७. लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ र निर्देशिका, २०६७

(छ) माथिका रकमहरू अपर्याप्त ठहरिएमा राहत समितिले बढीमा रु.२,०००।– सम्म थप गर्न सक्ने ।

(ज) पीडितलाई गम्भीर तथा मानवीय क्षति हुने देखिएमा पछि अनुमोदन गराउने गरी सञ्चालक समितिको अध्यक्षले रु.५०,०००।- मा नबढ्ने गरी मनासिब माफिकको रकम ।

ट. **एकल महिला सुरक्षा सहायता :-** एकल महिलाका लागि उद्धार राहत, औषधि उपचार, कानुनी सहायता, शिक्षा र सीपमूलक तालिमका लागि जिल्लास्तरीय समितिको निर्णयबाट देहायबमोजिमको सहयोगको व्यवस्था छ।[ट]



ट. एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड, २०६९



(क) जिल्लास्तरीय समितिले तोकेबमोजिम तत्काल उद्धार, राहत तथा पुनर्स्थापनाका लागि बढीमा रु.५,००० ।

(ख) घरैमा बसी उपचार गराउंदा आतेजाते भाडा, परीक्षण तथा औषधिबापत बढीमा रु. २,०००।– सम्मको बीलबमोजिमको रकम ।

(ग) अस्पताल भर्ना भई उपचार गराउंदा यातायात, परीक्षण, औषधिका अतिरिक्त बिरामी र कुरुवा व्यक्ति एकका लागि प्रतिव्यक्ति प्रतिदिन रु.३००।- ले बढीमा रु.६,५००।- सम्मको बीलबमोजिमको रकम ।

(घ) विशेष अवस्थामा आवश्यकता र औचित्यको आधारमा थप रु.४,०००।- सम्मको रकम ।

(ङ) कानुनी सहायताअन्तर्गत यातायात, कानुनी दै-दस्तुर, सेवाबापत बढीमा सामान्य अवस्थामा रु.५,०००।- र विशेष अवस्थामा विशेष निर्णयबाट बढीमा थप रु.२,५००।-सम्म बीलबमोजिमको रकम ।

(च) सीप तथा उद्यमशीलता तालिममा रु.५,०००।- र अन्य तालिममा रु.१,५००।- गरी प्रतिव्यक्ति बढीमा जम्मा रु.६,५००।- ननाघ्ने गरी बीलअनुसारको रकम ।

(छ) केन्द्रीय समितिको निर्णयले एकल महिलाको हक र अधिकारको क्षेत्रमा कार्यरत सङ्घ-संस्थालाई बढीमा रु.५,००,००० ।

(ज) स्वरोजगार कार्यक्रमअन्तर्गत जिल्ला समितिको निर्णय अनुसार प्रतिपरिवार बढीमा रु.२५,००० ।

**९. मानव बेचबिखन तथा ओसारपसारबाट पीडितहरूलाई सहायता :-** मानव बेचबिखन तथा ओसारपसारबाट पीडितहरूलाई देहायअनुसार सहयोगको व्यवस्था छ ।[९]

(क) पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन गरी पीडितहरूलाई राख्ने व्यवस्था ।

(ख) केन्द्रमार्फत औषधी उपचार र परामर्श सेवा ।

(ग) कसुरदारबाट जरिवानाको ५० प्रतिशतमा नघट्ने गरी क्षतिपूर्ति भराइदिने व्यवस्था छ । यदि कसुरदार निम्न आर्थिक हैसियतको वा अन्य कुनै कारणबाट कसुरदारबाट क्षतिपूर्ति पाउन नसक्ने अवस्था भएमा पुनर्स्थापना केन्द्रबाट क्षतिपूर्ति भराइदिने ।

**१०. घरेलु हिंसाका पीडितहरूलाई सहायता :-** घरेलु हिंसाका कारण शारीरिक चोटपटक वा मानसिक यातना पुगेकोमा उपचार गराउँदा लागेको खर्च र हिंसाबाट अशक्त भै अस्पतालमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकले व्यहोर्नुपर्ने व्यवस्था छ ।[१०]

९. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा नियमावली, २०६५

१०. घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ तथा नियमावली, २०६७



**घरेलु हिंसाका पीडितहरूलाई जिल्ला सेवा केन्द्रबाट उपलब्ध हुने सहायता देहायअनुसार छन् ।**[११]

(क) पीडितको औषधि उपचारार्थ सुरक्षित अल्पकालीन आश्रयमै बसी उपचार गराउँदा यातायात भाडा, परीक्षण तथा औषधिवापत रु.२,०००।- सम्म ।

(ख) अस्पताल भर्ना भै उपचार गराउँदा यातायात, परीक्षण तथा औषधिका अतिरिक्त ५ दिनसम्मको विरामी र कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रू. ३००।- ले बढीमा रु.६,५००।- सम्म ।



(ग) विशेष अवस्थामा विशेष निर्णयबाट बढीमा थप रू.४,०००।- सम्मको यथार्थ खर्च ।

(घ) कानुनी उपचारका लागि एक जना साथीसमेत अदालत आतेजाते भाडा, दै-दस्तुर र सेवावापत सामान्य अवस्थामा प्रतिव्यक्ति रु.२,५००।- तथा विशेष अवस्थाका विशेष निर्णयबाट थप रु.२,५००।- सम्मको यथार्थ खर्च ।

११. महिला विकास कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७२

(ङ) अल्पकालीन आश्रयमा रहँदासम्म प्रतिदिन फुटकर खर्च रु.१५ ।

(च) फिर्ता संप्रेषण गर्दा साथीसमेतको मीतव्ययी भाडा तथा बीचमा बास बस्नु नपरे प्रतिव्यक्ति यात्रु खर्च रु.५०।- र बास बस्नुपर्ने भए प्रतिव्यक्ति प्रतिदिन रु.३०० ।

(छ) अल्पकालीन आश्रयमा रहँदा खाने कुराका लागि साथीसमेतको दैनिक रु.३०० ।

(ज) मनोसामाजिक विमर्श प्रदान गर्न प्रतिव्यक्ति रु.१,०००।- सम्म ।

**घरेलु हिंसाका पीडितहरुलाई सामुदायिक सेवा केन्द्रबाट उपलब्ध हुने सहायता देहायअनुसार छन् ।**[१२]

(क) प्राथमिक उपचारका लागि प्रतिप्रभावित रु.१,०००।- सम्मको यथार्थ खर्च ।

(ख) नभई नहुने लुगाफाटोवापत प्रतिव्यक्ति रु.१५००।- सम्म ।

(ग) संरक्षणमा रहेको अवधिभर प्रतिव्यक्ति प्रतिदिन खानेकुरावापत रु.३००।- सम्म ।

(घ) जीविकोपार्जन अनुदानवापत प्रतिपरिवार रु.१५,००० मा ननाघ्ने गरी सम्बन्धित केन्द्रको निर्देशन समितिले स्वीकृत गरेको रकम ।

१२. ऐ.ऐ.



**११. बोक्सीको आरोपबाट पीडितलाई सहायता :-** बोक्सीको आरोपबाट पीडित भएको व्यक्तिलाई देहायअनुसार सहायता दिने व्यवस्था छ ।[१३]

(क) पीडित व्यक्ति शारीरिक वा मानसिक रूपमा अशक्त भई उपचार गराउनु परेमा निजलाई उपचार गराउँदा लागेको र कुरुवा राख्दा भएको सम्पूर्ण खर्च पीडकले व्यहोनु पर्ने । पीडकको आर्थिक अवस्था कमजोर भएमा सो खर्च लैङ्गिक हिंसा निवारण कोषबाट सोधभर्ना हुने ।

(ख) पीडकबाट पीडितलाई क्षतिपूर्ति दिइने । पीडकको आर्थिक अवस्था कमजोर छ भन्ने अदालतलाई लागेमा उक्त क्षतिपूर्ति नेपाल सरकारले व्यहोर्ने गरी आदेश दिने ।

(ग) पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न आवश्यक भएमा पीडितलाई सेवा केन्द्रमा राखिने ।



१३. बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२

**१२. राष्ट्रिय महिला आयोगमा दिने निवेदनमा दस्तुर नलाग्ने** :– घरेलु हिंसालगायत लैङ्गिकतामा आधारित हिंसाका पीडितहरूले राष्ट्रिय महिला आयोगमा निवेदन दिंदा कुनै पनि दस्तुर नलाग्ने व्यवस्था छ।[१४]

**१३. नवीकरण ऊर्जा अनुदान** :– नवीकरण ऊर्जा सम्बन्धमा महिलाका लागि निम्नअनुसार थप अनुदानको व्यवस्था छ।[१५]

(क) तोकिएको साना जलविद्युत र क्षति भएका पुराना आयोजना पुनः स्थापनाबाहेक अन्य लघु जलविद्युत आयोजनाहरूको हकमा सरकारले पहिचान गरेको विभिन्न लक्षित वर्गलगायत एकल महिलाका लागि प्रति घरधुरी थप अनुदान रकम रु.२,५०० ।

(ख) विद्युत सेवा नपुगेका ग्रामीण क्षेत्रमा खानेपानीका लागि सामुदायिक सौर्य विद्युत पम्पमा लक्षित वर्गलगायत एकल महिलाको हकमा प्रतिलक्षित घरधुरी थप अनुदान रु.२,५०० ।

(ग) तोकिएको आय आर्जन तथा रोजगारी सृजना गर्ने उद्देश्यको तोकिएको क्षमताको खाद्य पदार्थ सुकाउने सौर्य ड्रायरमा सबैलाई प्राप्त हुने अनुदानका अतिरिक्त ५० प्रतिशतभन्दा बढी तोकिएका लक्षित वर्गलगायत एकल महिला उपभोक्ता भएमा थप अनुदान रु.२०,००० ।

१४. राष्ट्रिय महिला आयोग नियमावली, २०६४
१५. नवीकरण उर्जा अनुदान नीति, २०६९



(घ) एकल महिलाका लागि प्रतिप्लान्ट प्रतिघरधुरी सरकारले तोकेका जिल्लाहरूमा निम्नअनुसार थप अनुदानको व्यवस्था छ :–

**हिमाली जिल्लाहरू**

- २ घनमिटरको प्लान्टमा रु.३,००० ।
- ४ घन मिटरको प्लान्टमा रु.३,५०० ।
- ६ घनमिटरको प्लान्टमा रु.४,००० ।

**पहाडी तथा तराई जिल्लाहरू**

- २ घन मिटरको प्लान्टमा रु.२,००० ।
- ४ घन मिटरको प्लान्टमा रु.२,५०० ।
- ६ घन मिटरको प्लान्टमा रु.३,००० ।

(ङ) एकल महिलाको घरपरिवारलाई फलामको सुधारिएको चुलो जडान गर्न प्रतिघरधुरी थप अनुदान रु.१,००० ।

(च) एकल महिलाका घर परिवारद्वारा सञ्चालित व्यवसायका लागि रु.१०,०००।- भन्दा बढी नहुने गरी थप अनुदान १० प्रतिशतले हुने रकम ।

**१४. द्वन्द्व प्रभावित महिलालाई अनुदान** :– द्वन्द्वको अवधिमा द्वन्द्वको कारण मृत्यु भएका वा बेपत्ता पारिएका व्यक्तिका पत्नीलाई जीवन निर्वाहका लागि आर्थिक सहायता स्वरूप एकपटक एकमुष्ट रु.२५,०००।- उपलब्ध गराउने गरी तोकेको छ।[१६]

१६. नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०६६ (प्रथम संशोधन, २०६८)

**१५. छात्रावृत्ति व्यवस्था :–** सामुदायिक विद्यालयहरूमा छात्रालाई निःशुल्क शिक्षा प्रदान गर्ने एवम् संस्थागत विद्यालयहरूमा महिला विद्यार्थीसमेतका लागि १० प्रतिशतमा नघट्ने गरी निःशुल्क छात्रवृत्ति दिइने व्यवस्था छ ।[१७]

**१६. कमलरी विद्यार्थीहरूलाई छात्रवृत्ति :–** घरबाट विद्यालय आवतजावत गर्ने मुक्त कमलरीहरूलाई कक्षा १-८, ९-१०, ११-१२ र उच्च शिक्षाका लागि क्रमशः प्रतिविद्यार्थी १० महिनाका लागि क्रमशः मासिक रू. १५०।- १८०।- ५००।- र १,०००।– छात्रवृत्ति उपलब्ध गराउने एवम् डेरा वा छात्रावासमै बस्नुपर्ने मुक्त कमलरीका लागि मासिक रु. ३,०००।- आवासीय छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था छ ।[१८]

**१७. आधारभूत तहमा निरन्तर रूपमा अध्ययन गर्ने छात्राहरूलाई छात्रवृत्ति :–** आधारभूत तहमा (कक्षा १–८) भर्ना भई निरन्तर रूपमा अध्ययनरत: रहने सबै छात्राहरूलाई वार्षिक रु.४००।- का दरले छात्रवृत्ति प्रदान गर्ने व्यवस्था छ ।

१७ शिक्षा ऐन, २०२८
१८ छात्रवृत्ति कार्यान्वयन निर्देशिका, २०६८



**१८. प्राविधिक डिप्लोमा तथा प्रमाणपत्र तहमा आरक्षण र छात्रवृत्ति :–** प्राविधिक प्रवेशिका परीक्षा वा सो सरह उत्तीर्ण गरेका महिलाहरूलाई डिप्लोमा तथा प्रमाणपत्र तहको निःशुल्क अध्ययनको लागि २५ प्रतिशत सिट आरक्षण गरिएको छ भने एकल महिलालाई प्राथमिकता दिने गरी ९ जना महिलालाई मासिक रु.५,०००।- का दरले निर्वाह छात्रवृत्ति प्रदान गरिने व्यवस्था छ ।[१९]

**१९. वैदेशिक रोजगारका लागि अभिमुखीकरण :–**

वैदेशिक रोजगारमा छनौट भएका महिलाले अभिमुखीकरण तालिम लिंदा तिरेका शुल्क शोधभर्ना गर्ने व्यवस्था छ ।[२०]



१९ डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण एवम् भर्ना सम्बन्धी निर्देशिका, २०७१
२० वैदेशिक रोजगार नियमावली, २०६४

२०. **सुरक्षा-गृहको व्यवस्था** :- तेस्रो मुलुकमा वैदेशिक रोजगारको सिलसिलामा शोषणमा परी वा अन्य कारणवश उद्धार गरी अस्थायी रूपमा राख्नको लागि साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, कतार र ओमानमा नेपाली महिलाहरूको लागि निःशुल्क सुरक्षा-गृहको व्यवस्था छ ।

२१. **स्थानीय निकाय अनुदान** :- महिलाहरूको सशक्तिकरण, रोजगारीमूलक र आयमूलक कार्यमा प्रत्यक्ष लाभ पुग्ने कार्यक्रम वा आयोजनाका लागि न्यूनतम १० प्रतिशत खर्च छुट्याउने व्यवस्था छ ।[२१]

२२. **सामाजिक सुरक्षा कार्यक्रम** :- महिला ज्येष्ठ नागरिक र एकल महिला समेतलाई मासिक सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरिएको छ ।[२२]

२३. **प्रसुति विदा** :- महिला निजामती कर्मचारी सुत्केरी भएमा निजले सुत्केरीको अघिपछि गरी ९८ दिन तलवी प्रसुति विदा, दुईवटा बच्चाको लागि जनही एकमुष्ट रु.५,०००।- शिशु स्याहार भत्ता एवम् पुरुष निजामती कर्मचारीको पत्नी सुत्केरी भएमा त्यस्तो कर्मचारीले सुत्केरीको अघीपछि गरी पन्ध्र दिन तलवी प्रसुति स्याहार विदा पाउँछ ।[२३]

२१. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९
२२. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९
२३. निजामती सेवा नियमावली, २०५०



२४. **निजामती सेवामा आरक्षण** :- निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी त्यसमध्ये महिलाको ३३ प्रतिशत आरक्षण गरिएको छ ।[२४]

२५. **आमा सुरक्षा कार्यक्रम** :- आमा सुरक्षा कार्यक्रमअन्तर्गत स्वास्थ्य संस्थामा गई सुत्केरी गराउने महिलाले यातायात र अन्य सुविधाबापत हिमाली क्षेत्रमा रु.१,५००।- पहाडी क्षेत्रमा रु.१,०००।- र तराई क्षेत्रमा रु.५००।- पाउनुका साथै ४ पटक गर्भवती पूर्व सेवा लिई स्वास्थ्य संस्थामा प्रसुति गराएबापत महिलाले यातायात खर्च बापत रु.४००।- पाउने व्यवस्था छ ।[२५]

२६. **महिला स्वास्थ्य कार्यक्रम** :- आङ खस्ने समस्या भएका महिलालाई शल्यक्रियाका लागि स्वास्थ्य संस्था तथा शिविरमा जाँदा-आउँदाको यातायात खर्च बापत हिमाली क्षेत्रमा रु.१,५००।- पहाडी क्षेत्रमा रु.१,०००।- र तराई क्षेत्रमा रु.५००।- प्रदान गर्ने व्यवस्था छ । यसै गरी गर्भवती र स्तनपान गराइरहेका महिलालाई निशुल्क आइरन तथा फोलिक एसिड तथा गर्भवती महिलालाई ४०० मि.ग्रा. एलवेन्डाजोल उपलब्ध गराउने व्यवस्था छ ।[२६]

२४. निजामती ऐन, २०४९
२५. आमा सुरक्षा कार्यक्रम निर्देशिका, २०६९
२६. पाठेघर (आङ) खस्ने समस्याको उपचार तथा शल्यक्रिया सम्बन्धी कार्यविधि निर्देशिका, २०६५

२७. **मातृ स्वास्थ्य कार्यकर्ताहरूलाई पोसाक भत्ता** : मातृ स्वास्थ्य र बाल स्वास्थ्यमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका मातृ स्वास्थ्य कार्यकर्ताहरूको पोसाक भत्ता बापत रु.६,०००।- व्यवस्था गरिएको छ ।[२७]

२८. **निःशुल्क गर्भपतनको व्यवस्था** :- सरकारी स्वास्थ्य संस्थाहरूमा कानुनी रूपमा गर्भपतन गराउँदा शुल्क नलाग्ने व्यवस्था छ ।[२८]



२७. आर्थिक वर्ष २०७२/७३ को बजेट वक्तव्य
२८. आर्थिक वर्ष २०७२/७३ को बजेट वक्तव्य



२९. **पैतृक सम्पत्ति र प्रजनन स्वास्थ्यसम्बन्धी हक** :- प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हकका अतिरिक्त पैतृक सम्पत्तिमा भेदभावबिना समान हकको व्यवस्था छ ।[२९]

२९. नेपालको संविधान

# राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

## सूचनाको हक प्रचलन गर्ने विधि

- नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको व्यवस्था छ।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सबै सार्वजनिक निकायमा रहेको सूचनामा आम नागरिकको पहुँचलाई सुनिश्चित गरेको छ।
- कानुनले सार्वजनिक निकायको परिभाषाभित्र सरकारी कार्यालय, राजनैतिक दल, गैरसरकारी संस्था, निजी क्षेत्र र कानुनद्वारा स्थापित सबै निकायलाई समेटेको छ। यसर्थ आम नागरिकमा यी सबै निकायबाट सूचना माग्ने र पाउने हक रहेको छ।
- प्रत्येक सार्वजनिक निकायले नागरिकले सूचना माग नगरे पनि ३/३ महिनामा विभिन्न २० बुँदामा स्वतः प्रकाशन गर्नुपर्ने कानुनी व्यवस्था छ।
- प्रत्येक नागरिकले आफूसंगसम्बन्धित र सार्वजनिक सरोकारको सूचना पाउन तत् सार्वजनिक निकायको वेवसाइटलगायतको सूचना प्राप्त गर्ने माध्यममा पुगी सूचना हासिल गर्नुपर्छ। तत् निकायमा पुगी लिखित र मौखिक रूपमा सूचना माग गर्न सकिन्छ।
- कुनै पनि सार्वजनिक निकायमा लिखित रूपमा सूचना माग गर्न सामान्य निवेदन दिए पुग्छ। यसको कुनै ढाँचा कानुनमा तोकिएको छैन। सूचना-मागको निवेदनमा कुनै दस्तुर तिर्नु पर्दैन, हुलाक टिकट पनि टाँस गर्नु पर्दैन।
- लिखित सूचना तत् निकायको सूचना अधिकारीसमक्ष बुझाउनुपर्छ। निजले सूचना मागको निवेदन दर्ता गरी सोको निस्सा दिने र माग भएको सूचना १५ दिनभित्र उपलब्ध गराउने कानुनी व्यवस्था छ।
- नागरिकलाई दिनुपर्ने सूचना नदिने सूचना अधिकारीलाई कार्यालय प्रमुखले विभागीय कारवाही गरी नागरिकलाई मागअनुसारको सूचना उपलब्ध गराउनुपर्छ।
- यसरी सूचना अधिकारीले सूचना दिन इन्कार गरेमा कार्यालय प्रमुखसमक्ष उजुरी गर्नुपर्छ र निजले ७ दिनभित्र सूचना उपलब्ध गराइनेछन्।



- कुनै कारणवश सूचना अधिकारी र कार्यालय प्रमुख दुवैबाट सूचना पाउन नसकिएमा राष्ट्रिय सूचना आयोगमा पुनरावेदन दिनुपर्दछ। यस्तो पुनरावेदन पचहत्तरै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई दिए पनि आयोगमा आइपुग्छ।
- सामान्यतः आयोगले आफूसमक्ष गरेको पुनरावेदनमा कानुनले सूचना प्रवाह नगर्नु भनेका सार्वभौमसत्तामै खलल पर्ने विषय, मुद्दाको अनुसन्धानमा बाधा पुग्ने विषय, गम्भीर आर्थिक गोपनीय विषय, सामाजिक सद्भावमा खलल पर्ने विषय र नितान्त व्यक्तिगत बाहेकका सूचना दिनू भनी तत् निकायको नाममा आदेश जारी गर्दछ।
- यसरी आयोगले सूचना दिनु भन्ने आदेश भएपछि नागरिकले माग गरेको सूचना पाउने पक्का हुन्छ।
- आम नागरिकले १० पृष्ठको सूचना निःशुल्क पाउने कानुनी व्यवस्था छ। यसै गरी कुनै सूचनाको अध्ययन वा अवलोकन गर्नुपरे पहिलो आधा घन्टा निःशुल्क हुनेछ। त्यसपछि १ घन्टाको रु.५०/- दस्तुर तिर्नुपर्दछ। यसै गरी १० पृष्ठपछिको सूचनामा प्रतिपृष्ठ रु. ५/- दस्तुर लाग्छ। सिडि वा डिस्केटमा सूचना लिने भए प्रतिसिडि वा डिस्केटबापत रु.५०/- मात्रै दस्तुर तिरे पुग्छ।
- नागरिकले माग गरेको र दिनुपर्ने सूचना नदिने पदाधिकारी लाई ढिला गरी सूचना दिए प्रतिदिनको रु.२००/- का दरले जरिवाना हुन्छ। दिनुपर्ने सूचना दिन अटेर गर्नेलाई रु. २५ हजारसम्म दण्ड र विभागीय कारवाही हुन्छ। प्राप्त सूचना दुरुपयोग गर्नेलाई पनि रु.२५ हजारसम्म दण्ड हुने कानुनी व्यवस्था छ। आयोगको आदेशको पालना नगर्नेलाई रु. १० हजारसम्म दण्ड हुन्छ।
- यसरी नेपाली नागरिकलाई संविधानले प्रदान गरेको सूचना माग्ने र पाउने हकको सम्मान गर्नु सबै सरोकारवाला सार्वजनिक निकायको जिम्मेवारी हो। यसै गरी आफूलाई आवश्यक परेको र सार्वजनिक सरोकारको विषयमा सूचना माग गरी सजग नागरिकको पहिचान बनाउनु प्रत्येक नेपाली नागरिकको पनि कर्तव्य हो।
- यसर्थ राष्ट्रिय सूचना आयोग समस्त नेपाली नागरिकमा आफ्नो संवैधानिक र कानुनी अधिकारको पूर्ण उपयोग गरी राज्यद्वारा घोषित सबै प्रकारका सेवा, सुविधा र छुटहरू प्राप्त गरी लाभान्वित हुन हार्दिक अपिल गर्दछ।